नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## G 9 जातको केरा बिरुवाको सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

### सूचना नं. २०/२०८०/८१

सूचना प्रकाशित मिति: २०८०/०८/२१

यस एकाइको चालु आ.व.२०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार नवलपरासी (ब.सु.प.) को केरा जोन प्रभाव क्षेत्रमा केराको क्षेत्रफल बिस्तार कार्यक्रमको लागि माग भएको टिस्युकल्चर प्रबिधिबाट उत्पादन भएको G 9 जातको केरा बिरुवाको मूल्य सूची उपलब्ध गराउन यस एकाइमा सूचिकृत भएका र सूचिकृत हुन चाहने G 9 जातको केराको बिरुवा आपुर्ति गर्ने आपुर्तिकर्ता नर्सरी/कम्पनी/टिस्युकल्चर प्रयोगशालाहरुले आ-आफ्नो संस्था सूचिकृत गरी यस परियोजनाको Website: piurupandehi.pmamp.gov.np बाट G 9 जातको केरा बिरुवाको मूल्य सूचि प्रस्ताव फारम डाउनलोड गरी तपसिल बमोजिमको आवश्यक कागजात तथा विधि सहित सूचना प्रकाशन भएको ३० दिन भित्र सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. सिलबन्दी मूल्य सूची प्रस्ताव सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र परियोजना कार्यान्वयन एकाई, रुपन्देही मा संस्था सूचिकृत गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।

२. रित पूर्वक भरेको सिलबन्दी मूल्य सूची प्रस्ताव फारमको साथ फर्म/कम्पनी/संस्थाको इजाजत पत्र प्रतिलिपि, प्यान प्रमाणपत्र प्रतिलिपि, २०७९/८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, गुणस्तरीयताको प्रमाणपत्र प्रतिलिपि, माउ बोटको नर्सरी, टिस्युकल्चर प्रयोगशालाको बिरुवा उत्पादन स्थलको रङ्गिन फोटो र गत आ.व. हरुको बिरुवा उत्पादन र बिक्रि बितरण प्रगति प्रतिवेदन संलग्न राखी पेश गर्नु पर्नेछ।

३. G 9 जातको केराको बिरुवाको निम्नानुसारको प्राविधिक स्पेशिफिकेशनमा मात्र बिरुवा उपलब्ध गराउने प्रतिबद्धता पत्र पेश गर्नु पर्नेछ।

- राम्रोसँग कडा बनाइएको बिरुवाको न्यूनतम उचाइ ३० से.मी. हुनुपर्ने र कडा भएको ४५-६० दिनपछि त्यसको Pseudostem को परिधि ५ देखि ६ से.मी. हुनुपर्ने,
- बिरुवाको कम्तीमा ५ वटा Photosynthetic रूपमा सक्रिय पातहरू हुनुपर्ने र अन्तर पातहरू ५.० से.मी. को दुरी भन्दा कम हुन नहुने,
- बिरुवाको Secondary hardening को अवस्थाको अन्त्य सम्ममा करिब २५-३० वटा सक्रिय जराहरू हुनुपर्ने,
- सक्रिय जराहरूको लम्बाइ १५ से. मी. भन्दा बढी हुनुपर्ने र साहयक जराको राम्रो विकास भएको हुनुपर्ने,
- विरुवा भएको poly bag मा ३/४ भाग Potting media ले भरिएको हुनुपर्ने,
- बिरुवाहरूमा Leaf spot, Pseudo stem rot र Physical deformations जस्ता कुनै पनि लक्षणको दृश्य देखिन नहुने
- बिरुवाको जरामा रोग/परजीवीहरू जस्तैः Erwina rot, Nematode lesions र Root knots को संक्रमणबाट मुक्त रहेको हुनुपर्ने,
- असामान्य वृद्धि नदेखाएको विरुवाहरु मात्र हुनुपर्ने।

४. प्राप्त मूल्य सूचीको तुलनात्मक अध्ययन विश्लेषण गरी न्यूनतम मूल्यमा अनुदान प्रवाह हुने गरी यस परियोजनाको स्वीकृत अनुदानग्राही मार्फत सूचिकृत भएका केरा बिरुवा आपुर्ति गर्ने आपुर्तिकर्ता नर्सरी/कम्पनी/टिस्युकल्चर प्रयोगशालाहरु मार्फत विरुवा खरीद प्रक्रिया अगाडी बढाउने गरी अनुदानग्राहीसँग सम्झौता गरिनेछ र सोही अनुसार यस एकाइमा सूचिकृत भएका आपुर्तिकर्ता नर्सरी/कम्पनी/संस्थाले मात्र अनुदानग्राहीहरुसँग सम्झौता गरी कार्यक्रम संचालन गर्न सक्नेछन्।

नोटः माथि उल्लेखित विवरणहरु अपुग हुने गरी पेश भएका सिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागि परियोजनाको Website:piurupandehi.pmamp.gov.npफोन नं. ०७१५७०२०१,०७१५७०९१७, ९८५७०१६९१७,९८५७०१७३८१,९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)